# राष्ट्रिय सतर्कता केन्द्रको प्रेश विज्ञप्ती

## २०७३ साल श्रावण २७ गते

राष्ट्रिय सतर्कता केन्द्र आज १४औं वर्षपूरा गरेर १५औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा राष्ट्रिय सतर्कता केन्द्रले गत आ.व.०७२/७३ को अवधिमा सम्पादन गरेका कामहरुको १४औं बार्षिक प्रतिवेदन भव्य समारोहकोबिच सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यू समक्ष यस केन्द्रका सचिव श्री रामानन्दप्रसाद यादवले पेश गर्नुभएको छ । यस प्रतिवेदनमा उल्लेखित कुराहरुका सम्बन्धमा सबै संचारमाध्यमहरुबाट प्रचारप्रसार गराउन प्रतिवेदनको सारांश र भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा नेपाल सरकार समक्ष केन्द्रको तर्फबाट प्रस्तुत गरिएका सुझावहरु संलग्न गरी यो प्रेश विज्ञप्ती मार्फत सबै संचारकर्मीज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

१. प्रतिवेदनको सारांश:

भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने र भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने उद्देश्यले प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम वि.सं. २०५९ साल श्रावण २७ गते राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भएको हो।

राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य तथा अधिकारलाई भ्रष्टाचार निवारण ऐन, २०५९, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५, भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्य योजनाले व्यवस्थित गरेको छ। केन्द्रको प्रमुख कार्यको रूपमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यहरू रहेका छन्। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ मा केन्द्रको काम, कर्तव्य र अधिकार उल्लेख छ। यसैगरी राष्ट्रिय सतर्कता केन्द्र (कार्यसञ्चालन) नियमावली, २०६५ ले भ्रष्टाचार नियन्त्रणका लागि सूचना सङ्कलन गर्ने, अनुगमन गर्ने, सुझाव वा निर्देशन दिने, सतर्क गराउने, कारवाहीका लागि लेखी पठाउने, सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने, प्राविधिक परीक्षण गर्ने लगायतका कार्यहरूको व्यवस्था गरेको छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ तथा भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्य योजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७ बमोजिम केन्द्रले नागरिक वडापत्र कार्यान्वयनको अनुगमन गर्दै आएको छ। केन्द्रद्वारा आ.व. २०७२।७३ मा सम्पादन भएका कार्यहरू, केन्द्रका समस्या र सुधारका क्षेत्रहरु तथा नेपाल सरकार समक्ष प्रस्तुत सुझावहरू समेत समावेश गरी राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ को नियम ३२ बमोजिम सम्माननीय प्रधानमन्त्री समक्ष पेश गर्न प्रस्तुत प्रतिवेदन तयार गरिएको छ।

प्रस्तुत प्रतिवेदनमा पाँच परिच्छेद रहेका छन् । परिच्छेद एकमा सतर्कता केन्द्रको परिचय अन्तर्गत संस्थागत विकासक्रम, केन्द्रको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार, संगठन संरचना तथा जनशक्ति, केन्द्रको विकास प्रयासहरू समावेश गरिएको छ । परिच्छेद दुईमा आर्थिक वर्ष २०७२।७३ मा यस केन्द्रबाट सम्पादन

भएका प्रमुख कार्यहरु समेटिएको छ । जस अन्तर्गत परिच्छेद तीनमा समस्या र सुधारका क्षेत्रहरु समेटिएको छ । परिच्छेद चारमा नेपाल सरकारलाई प्रदान गरिएका सुझावहरु र परिच्छेद पाँचमा उपसंहार राखिएको छ।

उजुरी व्यवस्थापनतर्फ चालु आर्थिक वर्षमा ७७२ बटा उजुरीहरु प्राप्त भएको र गत आर्थिक वर्षबाट जिम्मेबारी सरी आएका ५३६ गरी १३०८ उजुरी रहेको ६८६ बटा उजुरीहरु फछ्र्यौट गरिएको छ । जसमध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएका ८५, सुझाव, निर्देशन, सतर्क र ध्यानाकर्षण गराइएका ६५ र अन्य तामेलीमा गएका ५३६ बटा उजुरीहरू रहेका छन् ।

आ.व.०७२/७३ मा ३३ बटा जिल्लाका ५३७ बटा सार्वजनिक निकायहरुको नागरिक वडापत्र अनुगमन गरिएको छ भने ३० बटा जिल्लाका ४९२ बटा सार्वजनिक निकायहरुको स्थलगत अनुगमन गरी देखिएका कमीकमजोरीहरुको सुधारका लागि सम्बन्धित निकायहरुलाई निर्देशन एवं ध्यानाकर्षण गराईएको छ ।

प्राविधिक परीक्षण सचेतना गोष्ठी २ समेत गरी जिल्लास्तरमा भ्रष्टाचार विरुद्धका सचेतना गोष्ठी १६ बटा, सामुदायिक विद्यालयमा सदाचार शिक्षा कार्यक्रम २० बटा सम्पन्न भएका छन् । १५ जना कर्मचारीहरुलाई कम्प्युटर तालीम प्रदान गरिएको छ । उजुरी व्यवस्थापन र जिन्सी एवं लेखा सम्बन्धी सफ्टवेयर निर्माण/परिमार्जन गरी प्रयोगमा ल्याइएको छ । भ्रष्टाचार तथा आर्थिक अनियमितता हुन सक्ने १२ बटा क्षेत्रहरु पहिचान गरी विस्तृत अध्ययन गरिएको र उक्त अध्ययन प्रतिवेदनमा औंल्याइएका सुझाव अनुसार सम्बन्धित निकायहरुमा ध्यानाकर्षण गराउने एवं निर्देशन दिइएको छ । बिगत आर्थिक वर्षबाट निर्माण शुरु भएको निर्माणाधीन भवनको कार्य चालु आर्थिक वर्षमा लक्ष्य अनुरुप प्रगति भएकोमा आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गरिएको छ । सेवाग्राही सर्वेक्षण, कार्यालय समयपालना एवं तोकिएको पोशाक अनुगमन, नागरिक वडापत्र कार्यान्वयन अनुगमन, स्थलगत छानबीन जस्ता कार्यहरु सम्पन्न भएका छन् । यसप्रकार अनुगमन गर्दा देखिएका समस्या समाधान गर्न सम्बन्धित निकायहरुका आवश्यक निर्देशन प्रदान गरिएको छ । संघीय संरचनामा राष्ट्रिय सतर्कता केन्द्रको पुनर्संरचना सम्बन्धमा प्राविधिक समितिबाट प्राप्त प्रतिवेदन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ मा आवश्यक संशोधनका लागि तयार पारिएको संशोधन मस्यौदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ । नेपाल सरकारबाट स्वीकृत तत्काल सुधारको कार्ययोजना अनुरुप कार्ययोजना तयार गरी कार्यसम्पादन गरिएको छ । नेपाल भारत नाकामा भएको अवरोधका समयमा हुन सक्ने कालो बजारी रोक्न ग्याँस अनुगमन, बजार अनुगमन सम्बन्धी कार्यहरु सम्पन्न भएका छन् ।

केन्द्रको कुल जम्मा स्वीकृत दरबन्दीमध्ये सतर्कता प्रहरीतर्फ ३२ दरबन्दी रहेकोमा २७ पद पूर्ति भएको निजामतीतर्फ कूल ८३ दरबन्दीमध्ये ६४ पदपूर्ति भई १९ पद रिक्त रहेको छ । रिक्त पदमध्ये अधिकांश दरबन्दी प्राविधिक पदको रहेको हुँदा प्राविधिक परिक्षण कार्यमा कठिनाइ उत्पन्न भएको छ ।

संस्थालाई प्रभावकारी बनाउन आ.व.२०७२/७३ को नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरुप केन्द्रलाई प्राविधिक प्रयोगशाला स्थापनाका लागि गत आर्थिक वर्षमा भएको बोलपत्र बमोजिमको General Equipments तर्फ मेसिन उपकरण प्राप्त भइ जडान प्रक्रियामा रहेको छ । प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत "राष्ट्रिय सतर्कता भित्तो" निर्माण, सिस्नुपानी राष्ट्रिय सतर्कता केन्द्र हास्यव्यंग्य यात्रा, प्राविधिक परीक्षण सम्बन्धी वृतचित्र निर्माण र कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिइएको छ।

राष्ट्रिय गौरब र अन्य आयोजना गरी २१ वटा, अन्य निकायबाट अख्तियारी प्राप्त भएका १६ बटा आयोजनाहरुको प्राविधिक परीक्षण कार्य सम्पन्न भएको छ । प्राविधिक परीक्षणको क्रममा पाइएका अपरिपालना प्रतिवेदन (Non Conformance Reports) हरूलाई सरोकारवालाकै उपस्थितिमा केन्द्रमा प्रस्तुतीकरण गरी त्रुटी सच्याउन निर्देशन दिइएको छ ।

आ.व.०७२/७३ मा केन्द्रको स्वीकृत बजेट तथा कार्यक्रमतर्फ भौतिक प्रगति ८२.५७ र वित्तीय प्रगति(अर्थ बजेट समेत) ८७.१६ प्रगति भएको छ ।

क्षेत्राधिकारको अस्पष्टता, श्रोत साधनको कमी, प्राबिधिक जनशक्तिको पदपूर्ति हुन नसक्नु, नियामक निकायहरुबीच समन्वयको कमजोर अवस्था जस्ता समस्याहरुका कारणले गर्दा यस केन्द्रले अपेक्षाकृत रुपमा कार्यसम्पादन गर्न सकेको छैन । राष्ट्रिय सतर्कता केन्द्रबाट नेपाल सरकारलाई यस प्रतिवेदनको परिच्छेद चारमा प्रदान गरिएका सुझावहरु कार्यान्वयन भएमा उल्लिखित सुझावहरूले सुशासन कायम गरी सदाचार प्रवर्द्धन गर्ने अभियानमा योगदान पुग्ने अपेक्षा राखिएको छ।

## २. भ्रष्टाचार नियन्त्रणका सम्वन्धमा नेपाल सरकार समक्ष केन्द्रको तर्फबाट प्रस्तुत गरिएका सुझावहरु:

१. भ्रष्टाचार नियन्त्रण तथा अनियमितता रोकथामको सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगायतका निगरानी निकायहरुमा एकै विषयमा उजुरी पर्न गई दोहोरो हुने गरेको र उक्त विषयमा दोहोरो बा फरक फरक सुझाव बा निर्देशन दिइने अवस्था सिर्जना हुने हुँदा यस्तो अवस्थाको सिर्जना नहोस् भन्नाका लागि राष्ट्रिय सतर्कता केन्द्रको कार्यक्षेत्र स्पष्ट सीमांकन हुनु पर्ने र संघीयता कार्यान्वयनको सन्दर्भमा यस केन्द्रलाई प्रदेशस्तरसम्म बिस्तार गर्न छुट्टै ऐन तर्जुमा गरी लागू गर्नुपर्ने ।

२. सरकारी / सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक र दुरुस्त नभएको, व्यक्तिले सरकारी जग्गा आफ्नो नाममा दर्ता गरी स्वामित्व हस्तान्तरण समेत गरेबाट गैर कानूनी नजीर थपिन गई जटिलताहरु बढ्दै गएको अवस्थामा र समूहगत रुपमा सार्वजनिक जग्गाको अनधिकृत कब्जाको बढ्दो घटनाक्रमको सन्दर्भमा सरकारी निकायले आफ्नो भूमिका स्थापित गर्न कठिनाई भएको यथार्थतालाई विभिन्न घटनाक्रमले देखाएको छ। सरकारी/सार्वजनिक जग्गा सम्वन्धमा भएका कानूनी व्यवस्थाको पालना र कार्यान्वयनमा दिन प्रतिदिन जटिलता थपिंदै जानु राज्यको लागि ठूलो चिन्ताको विषय भएको छ। यसलाई राष्ट्रिय समस्याको रुपमा सम्वोधन गर्नुपर्ने देखिन्छ।

३. नेपाल संयुक्त राष्ट्रसंघीय भ्रष्टाचार विरुद्धको महासन्धि (United Nations Convention Against Corruption) को पक्ष राष्ट्र भैसकेको परिप्रेक्ष्यमा उक्त महासन्धिमा व्यवस्था भए बमोजिम निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य क्रियाकलापलाई कानूनी दायरामा ल्याउने व्यवस्था गर्नु पर्ने ।

४. भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक विपतका समयमा हुन सक्ने कालोबजारी तथा भ्रष्टाचार जन्य कार्यलाई न्यूनीकरण गर्न केन्द्र, क्षेत्र र जिल्लास्तरमा पर्याप्त मात्रामा राहत सामग्रीहरु मौज्दात राख्ने व्यवस्था मिलाउनु पर्ने ।

५. सामान्य प्रशासन मन्त्रालयबाट वैदेशिक तालीम र अध्ययनका लागि वितरण गरिने तालीम र छात्रवृत्तिमा विशिष्ट श्रेणीका प्रमुख रहने अन्य निकाय सरह यस केन्द्रलाई पनि निश्चित कोटा उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।

६. नेपाल सरकारको तत्काल सुधारको कार्य योजना अन्तर्गत यस केन्द्रले गर्दै आएको कार्यलाई संशोधन गर्न भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधनको लागि संशोधन मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाईएको अवस्था रहेकोले सो ऐन संशोधन गरी राष्ट्रिय सतर्कता केन्द्रलाई थप प्रभावकारी बनाउन जरुरी रहेको ।

७. सरुवा/बढुवा गर्ने निकायहरुले गरेको सरुवा/बढुवा सम्वन्धी विवरण सम्वन्धित किताबखाना र अभिलेख राख्ने केन्द्रिय निकायमा अद्यावधिक नगरेको कारणले कानून बमोजिम तोकिएको समय भित्र सम्पत्ति विवरण बुझाउने/नबुझाउने/समय पश्चात बुझाउने कर्मचारीहरुको प्रतिवेदन तयार गर्न कठिनाई भएकोले सम्वन्धित निकायहरुले कर्मचारी सरुवा बढुवा गर्दा अनिवार्य रुपमा कर्मचारी व्यक्तिगत सूचना अभिलेख (PIS) सम्वन्धित किताबखाना/अभिलेखालयमा अद्यावधिक गरी पदस्थापना/सरुवा/बढुवा भएको पत्र दिने व्यवस्था कडाईका साथ लागू गर्नु पर्ने ।

८. शुरु नियुक्ति पाउने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीले नियुक्ति पाएको मितिले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नियुक्ति दिने निकायहरुले सम्वन्धित पदाधिकारी/कर्मचारीहरुलाई सम्पत्ति विवरण अनिवार्य रुपमा बुझाउन लगाउने व्यवस्था कडाईका साथ लागू गर्नु पर्ने ।

९. निजी क्षेत्र र सार्वजनिक क्षेत्र समेतमा हुन सक्ने भ्रष्टाचारलाई नियन्त्रण गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागलाई एकीकृत गरी एउटै संस्थागत संरचनामा ल्याउन उपयुक्त हुने ।

१०. गैर सरकारी संघ/संस्थाहरुबाट हुने गरेको आर्थिक अनियमितता एवं भ्रष्टाचारजन्य कार्यलाई कारवाहीका दायरामा ल्याउनु पर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमा हुन सक्ने आर्थिक अनियमितता तथा भ्रष्टाचारजन्य क्रियाकलापहरुलाई रोकथाम गर्न विद्यमान संघ संस्था ऐन, २०३४, राष्ट्रिय निर्देशन ऐन, २०१८, समाज कल्याण ऐन, २०४९ र अन्य सम्वद्ध कानूनहरु र आचारसंहितालाई समयानुकूल सुधार तथा परिमार्जन गरी कडाईका साथ लागू गर्नु पर्ने ।

११. विकास निर्माणका आयोजनाहरु संचालन गर्दा सम्वन्धित मन्त्रालय, विभाग, योजना वा कार्यालयबाट गरिने अनुगमन/निरीक्षण फितलो र कम प्रभावकारी देखिएकोले नतिजामूखी अनुगमन/निरीक्षण प्रणालीलाई जोड दिनु पर्ने ।

१२. प्राविधिक परीक्षकहरुबाट योजनाहरुको प्राविधिक परीक्षण भैसकेपछि औंल्याईएका अपरिपालनालाई (NC) सच्याउन मन्त्रालय, विभाग, कार्यालय तथा आयोजनास्तरबाट अनिवार्य रुपमा पहल हुनु पर्ने ।

१३. निर्माण व्यवसायीहरुले आफूसँग भएको सीमित आर्थिक क्षमता, आधारभूत सामान (Equipments) र जनशक्तिबाट बढी भन्दा बढी ठेक्का लिने र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न नसक्ने गरेको अवस्था विद्यमान रहेको छ । काम संचालन भए पनि गुणस्तर कायम गर्न नसकेको अवस्था विद्यमान रहेकोले यस प्रकृतिका ठेकेदार (निर्माण व्यवसायी)हरुलाई उक्त ठेक्काको काम सम्पन्न नगरेसम्म अर्को ठेक्कामा भाग लिन नपाउने व्यवस्था हुनु पर्ने ।

१४. निर्माण कार्यको गुणस्तर कायम गर्न र भ्रष्टाचारजन्य कृयाकलापलाई नियन्त्रण गर्न ठेक्काको मर्मत संभार अवधि (Defect Liability Period (DLP)) अवधि ५ वर्ष पुर्‍याउन सार्वजनिक खरिद ऐन तथा नियमावलीमा संशोधन गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।